# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं कात्तिक १६ गते, २०६६ साल (संख्या २८


## भाग ३

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

### मालसामानको बहुविधिक ढुवानी नियमावली, २०६६

मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "मालसामानको बहुविधिक ढुवानी नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले ऐनको दफा ४ को उपदफा (२) वमोजिमको इजाजतपत्र सम्झनु पर्छ ।

३. **बहुविधिक ढुवानी सेवा सञ्चालन गर्ने कम्पनीको योग्यताः** बहुविधिक ढुवानी सेवा सञ्चालन गर्न चाहने कम्पनीको ऐनमा उल्लेख भएको योग्यताको अतिरिक्त देहाय वमोजिमको जनशक्ति, भौतिक सम्पत्ति र व्यवस्थापकिय क्षमता भएको हुनु पर्नेछः-

(क) बहुविधिक ढुवानी सम्वन्धी काममा अनुभव प्राप्त कम्तीमा सात जना कर्मचारी,

(ख) कार्यालय भवन,

(ग) मालसामान व्यवस्थित र सुरक्षित रुपमा ढुवानी गर्न र राख्न उपयुक्त गोदाम लगायतका भौतिक पूर्वाधार,

(घ) व्यवसायिक रुपमा अन्तर्राष्ट्रिय क्षेत्रमा मालसामानको क्लियरिङ्ग, फरवार्डिङ्ग वा ओसार पसार सम्वन्धी काम गरेको कम्तीमा तिन वर्षको अनुभव ।

४. **इजाजतपत्रको लागि दिने निवेदनको ढाँचा:** इजाजतपत्र प्राप्त गर्नको लागि दिने निवेदनको ढाँचा अनुसूची -१ बमोजिमको हुनेछ ।

५. **निवेदन दस्तुर:** इजाजतपत्र प्राप्त गर्नको लागि निवेदन दिने निवेदकले निवेदनको साथ पाँचसय रुपैंया निवेदन दस्तुर संलग्न गर्नु पर्नेछ ।

६. **इजाजतपत्रको ढाँचा:** इजाजतपत्रको ढाँचा अनुसूची-२ बमोजिमको हुनेछ ।

७. **इजाजतपत्रको नवीकरण:** (१) इजाजतपत्र नवीकरण गर्न चाहने कम्पनीले इजाजतपत्रको अवधि समाप्त हुनु कम्तीमा तीस दिन अगावै कर चुक्ता प्रमाण र एकसय रुपैंयाँ निवेदन दस्तुर संलग्न गरी विभाग समक्ष निवेदन दिनु पर्नेछ:-

(२) उपनियम (१) बमोजिम निवेदन परेमा विभागले सो निवेदनका सम्वन्धमा जाँचबुझ गरी इजाजतपत्र नवीकरण गर्न मनासिव देखिएमा दशहजार रुपैंया नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गरी दिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वन्धित कम्पनीले सो उपनियममा उल्लिखित अवधिभित्र नवीकरण गराउन नसकेको मनासिव कारण देखाई इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र नवीकरणको लागि उपनियम (१) मा उल्लिखित कागजात र निवेदन दस्तुर संलग्न गरी निवेदन दिएमा विभागले सो निवेदनका सम्बन्धमा जाँचबुझ गरी इजाजतपत्र नवीकरण गर्न मनासिव देखिएमा उपनियम (२) मा उल्लिखित दस्तुरको दोव्वर दस्तुर लिई इजाजतपत्र नवीकरण गरिदिनेछ ।

(४) यस नियम वमोजिम नवीकरण गराएको इजाजतपत्र पाँच वर्षसम्म मान्य रहनेछ ।

(५) उपनियम (३) मा उल्लिखित अवधिभित्र पनि इजाजतपत्र नवीकरण नगराउने कम्पनीको इजाजतपत्र स्वत: रद्द हुनेछ ।

258

८. **अनुसूचीमा हेरफेर वा थपघट:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची - १
(नियम ४ संग सम्वन्धित)
**इजाजतपत्रको लागि दिने निवेदनको ढाँचा**

मिति: ......................

**विषय: बहुविधिक ढुवानी सेवा सञ्चालन गर्ने इजाजतपत्र पाउँ ।**

श्री वाणिज्य विभाग,
ववरमहल, काठमाडौं ।

महोदय,

बहुविधिक ढुवानी सेवा सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ र मालसामानको बहुविधिक ढुवानी नियमावली, २०६६ अनुसार दहायका कागजात र निवेदन दस्तुर संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**निवेदक**

कम्पनीको नाम:

कम्पनी दर्ता नं.:

कम्पनी रहेको ठेगाना:

कम्पनीको तर्फबाट अधिकार प्राप्त व्यक्तिको

नाम:

पद:

हस्ताक्षर:

मिति:

कम्पनीको छाप:

संलग्न कागजात

१. कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. कर चुक्ता प्रमाणको प्रतिलिपि,
४. जनशक्ति, भौतिक सम्पत्ति र व्यवस्थापकीय क्षमताको विवरण,
५. नेपाल बाहिर आधिकारीक एजेण्ट रहेको कुरा खुल्ने कागजात,
६. निवेदन दस्तुर ।

259

वाणिज्य विभाग पुस्तकालय

अनुसूची - २
(नियम ६ संग सम्बन्धित)

**बहुविधिक ढुवानी सेवा सञ्चालन गर्ने इजाजतपत्रको ढाँचा**

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य विभाग**

विषयः बहुविधिक ढुवानी सेवा सञ्चालन गर्ने इजाजत-पत्र

श्री ............................ कम्पनी,

................................................ ।

. यस विभागको मिति ............................ को निर्णयानुसार त्यस कम्पनीलाई मालसामानको वहुविधिक ढुवानी ऐन, २०६३ र मालसामानको वहुविधिक ढुवानी नियमावली, २०६६अन्तर्गतरहीवहुविधिक ढुवानी सेवा सञ्चालन गर्न यो इजाजत-पत्र दिइएको छ। यो इजाजत-पत्र मिति ..................... सम्म बहाल रहनेछ।

इजाजत-पत्र दिने
अधिकारीको

पद-
दस्तखतः-
मितिः-

मुद्रण विभाग, सिंहदरबार

260

## नवीकरण विवरण

| नवीकरणको निर्णय मिति | नवीकरण दस्तूर | नवीकरण | | नवीकरण गर्ने अधिकारीको दस्तखत र छाप |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |

आज्ञाले,
पुरुषोत्तम ओझा
नेपाल सरकारको सचिव

265

मुद्रण विभाग, सिंहदरबार

# भाग ५

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना १

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका वस्तुको निकासी पैठारीमा देहाय बमोजिम पूर्ण वा परिमाणात्मक वन्देज लगाउने र देहायका वस्तुको निकासी पैठारी गर्दा देहाय बमोजिमका शर्त पालना गर्नु पर्ने गरी यो आदेश जारी गरेको छ ।

१. निकासीका लागि पूर्ण वन्देज लगाएका वस्तुहरुः

(क) पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्वका वस्तुहरु

(१) विदेशी तथा स्वदेशी सिक्का

(२) देवी-देवताको मूर्ति, ताडपत्र तथा भोजपत्र

(३) पौवा

(ख) अनुसूची-१ मा उल्लेख भए बमोजिमका संरक्षित वन्यजन्तु, संरक्षित वन्यजन्तुका आखेटोपहार तथा संकटापन्न वन्यजन्तुहरु

(ग) मादक तथा लागू पदार्थहरु

गाँजा, अफिम, चरेस जस्ता UN Convention Against Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988 र Single Convention on Narcotics Drugs, 1961 मा परिभाषा गरिए बमोजिमका मादक तथा लागू पदार्थहरु ।

(घ) विष्फोटक तथा खरखजानाका वस्तुहरु

(१) विष्फोटक पदार्थ र त्यसलाई चाहिने फ्यूज वा फ्यूजको लागि चाहिने वस्तु

(२). जंगी खरखजाना तयारीको लागि चाहिने पदार्थहरु

(ङ) औद्योगिक मेशिनरी, पार्टपूर्जाहरु तथा कच्चा पदार्थ

(१) काँचो छाला (ड्राइ साल्टेड समेत)

(२) कच्चा ऊन तथा जंगली जीव जन्तुको रौं

(३) औद्योगिक मिल मेशिनरीहरु र सोका पार्टपूर्जाहरु

266

तर,